वैदशिक भ्रमण व्यवस्थापन निर्देशिका २०७५ को दफा १४ को उपदफा (१) सँग सम्बन्धित

# वैदेशिक भ्रमण सम्बन्धी प्रतिवेदन

१. **कार्यक्रमको नामः** विश्व पशु स्वास्थ्य संगठन (OIE) को ८६ औं महासभा

२. **भ्रमणमा गएको मुलुकः** फ्रान्स

३. **भ्रमणको किसिम :** OIE का सदस्य राष्ट्रहरुको वार्षिक महासभा।

४. **भ्रमणको अवधि :** 20 May 2018 देखि 25 May 2018 सम्म

५. **भ्रमण स्वीकृत गर्ने तह र मितिः** मन्त्रीस्तरीय, मितिः २०७५/०१/१६
नेपाल सरकार (मन्त्रिपरिषद्), मितिः २०७५/०१/२४

६. **भ्रमण टोलीको टोली नेता र सहभागी सङ्ख्याः**

१. श्री प्रकाश माथेमा, सचिव (पशुपन्छी विकास) कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२. डा. विमल कुमार निर्मल, महानिर्देशक, पशु सेवा विभाग

सहभागी संख्या = २

७. **भ्रमणको उद्देश्यः**

- OIE को सदस्य राष्ट्रको हैसियतले पशु स्वास्थ्य क्षेत्रका विविध चुनौती र समाधानका प्रयासबारे अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा सहभागिता जनाउने।
- पशु स्वास्थ्य, पशु कल्याण एवं पशुपन्छी उत्पादनको लागि आवश्यक पर्ने नीति, रणनीति, निर्देशिका, कार्यविधि (OIE Terrestrial Animal Health Code र Aquatic Animal Health Code) को परिमार्जन, प्रक्रियामा सहभागी हुने।
- अन्तर्राष्ट्रिय पशुपन्छीजन्य पदार्थको व्यापार, आयात, निर्यात तथा प्रवर्द्धन विषयमा छलफल तथा अन्तर्राष्ट्रिय सहयोगको लागि अनुरोध गर्ने।
- Slide events र side meetings मा भाग लिने।

८. **भ्रमणका क्रममा भेटघाट भएका समकक्षी, पदाधिकारी र संख्याः**

- भारतका OIE Delegate एवं पशुपालन, डेरी तथा मत्स्य विकास मन्त्रालयका सचिव श्री तरुण श्रीधर र सहसचिव श्री उपमन्यु बसु = २ जना
- चीनका OIE Delegate Dr. Zhang Zhongquia लगायत Ministry of Agriculture and Rural Affairs का पदाधिकारी = २ जना
- OIE का उपप्रमुख Dr. Matthew Stone र कार्यालयका वरिष्ठ पदाधिकारी Dr. Laure Weber Vintzel (Head of the Status Department) = २ जना
- OIE Asia Pacific Regional Representative Dr. Hirofumi Kugita लगायत पदाधिकारीहरु = ३ जना
- अष्ट्रेलियाका OIE Delegate एवं वर्तमान President of OIE, Dr. Mark Schipp = १ जना
- भुटानका OIE Delegate, Dr. Tashi Samdup, Director General, Department of Livestock Services लगायत = ३ जना
- FAO केन्द्रीय कार्यालयका विज्ञ Dr. Keith Sumption = १ जना
- Performance of Veterinary Services (PVS) Evaluation टोलिसँग छलफल = २ जना
- फ्रान्सका लागि नेपाली राजदूत महामहिम अम्बिका लुँइटेलसँग छलफल = १ जना

९. **भ्रमणबाट क्षमता विकासमा पर्ने प्रभावः**

- पशु स्वास्थ्य, पशुपन्छी कल्याण र ब्यापारका कानून, मापदण्ड एवं निर्देशिकाबारे विस्तृत जानकारी प्राप्त भएको।
- पशुपन्छीमा लाग्ने संक्रामक रोगहरुको नियन्त्रण एंव उन्मूलनबारे कार्यनीति, प्रभावकारिता बारे जानकारी प्राप्त भई सो बमोजिम राष्ट्रिय कार्यक्रम संचालन हुने।
- अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग सहयोग, समन्वय एवं सहकार्यको विषयवस्तुबारे जानकारी प्राप्त भएको।

१०. **भ्रमणबाट संगठनलाई हुने उपलब्धिः**

- पशु स्वास्थ्य, कल्याण एवं सम्बर्धन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डबारे जानकारी प्राप्त भई सो बमोजिम राष्ट्रिय मापदण्ड परिमार्जन गर्न सहयोग पुग्ने।
- संक्रामक रोग नियन्त्रणबारे राष्ट्रिय नीति परिमार्जनमा सहयोग पुग्ने।
- अर्न्तराष्ट्रिय ब्यापार, आयात, निर्यात सम्बन्धी नयाँ अन्तर्राष्ट्रिय मापदण्डबारे जानकारी प्राप्त भएको हुदाँ आयात, निर्यात सिफारिस एंव अनुमति प्रदान गर्ने कार्यमा सहयोग पुग्ने।
- पशुजन्य संक्रामक एवं महामारी रोग नियन्त्रण, पशुपन्छी कल्याण एवं उत्पादनको लागि अपनाइने विधिबारे जानकारी प्राप्त भई प्रभावकारी नीति, योजना, कार्यक्रम तर्जुमा गर्न सहयोग पुग्ने।

११. **भ्रमणबाट प्राप्त सिकाईलाई आफ्नो संगठनमा उपयोग वा अवलम्बन गर्न सकिने बिषय वा क्षेत्रः**

- राष्ट्रिय नीति, नियम, कार्यविधि निर्माण एवं परिमार्जन गर्दा सहयोगी हुने।
- अन्तर्राष्ट्रिय अभ्यास बमोजिम OIE द्वारा सन् २०११ मा नेपालको भेटरिनरी सेवाको मूल्यांकन भएकोमा सैंघीय प्रणाली अनुरुप पुनर्मूल्याङ्कन हुनु पर्ने भएकोले PVS Reevaluation गर्नको लागि OIE मा प्रस्ताव पेश गरिने।
- पशुपन्छीका संक्रामक एंव जुनोटिक रोगहरु जस्तै : खोरेत, पी. पी. आर., रेबिज, बर्ड फ्लु, माछाका रोगहरू नियन्त्रण एंव राष्ट्रिय नीति निर्माणमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुन सक्ने।
- पशुपन्छी कल्याणका अर्न्तराष्ट्रिय नीति र अभ्यासको आधारमा राष्ट्रिय नीति तथा कार्यक्रम तय गर्न मद्दत पुग्ने।
- पशु क्वारेन्टाइन तथा प्रयोगशाला सुदृढीकरण विषयमा सहयोग प्राप्त हुन सक्ने।
- OIE International Reference Laboratories सँग रोगको पहिचान प्रक्रियामा सहकार्य गर्न सकिने।

१२. **अन्य राय सुझावः**

- OIE का १८१ सदस्य राष्ट्रहरु सहभागी हुने महासभामा विस्तृत विषयबारे छलफल, प्रस्तुति, विमर्स एवं side event हरु हुने भएकोले सबै विषयबस्तुसँग प्रत्यक्ष संलग्न हुन नेपालबाट कम्तीमा ४ जनाको सहभागिता हुनुपर्ने महसुस गरियो।
- OIE मा प्रस्तुत हुने विषयबस्तुमा सम्बन्धित विज्ञहरु तथा OIE Focal person हरु सँग अर्न्तक्रिया गरी agenda item हरुमा Asia - Pacific क्षेत्रका OIE delegates हरुसँग समेत परामर्श गरी intervention तयार पार्नुपर्ने देखियो।
- OIE महासभाबाट भएका निर्णयहरु, सुझावहरु कार्यान्वयन हुन नेपालका OIE delegate एवं Chief Veterinary Officer (CVO) लाई OIE सम्बन्धी कार्यको लागि छुट्टै बजेट र कार्यक्रम व्यवस्था हुनुपर्ने देखिन्छ।